आज मिति २०८० साल मंसिर २४ गते आइतबारका दिन दिउसो २.०० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको १६ औ बैठक बस्यो ।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | अनुउपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चक्रधर | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | अनुउपस्थिति |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य–सचिव | श्री केशब सिलवाल | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री तुल्सी भक्त तको | उपस्थिति |
| ४ | कम्प्यूटर अपरेटर | श्री सृजना श्रेष्ठ | उपस्थित |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

प्र.प्र.अ.

छलफलका विषयहरुः

१. सामुदायिक विद्यालयमा शिक्षण सहयोग,अतिरिक्त क्रियाकलाप शिक्षक र बालकक्षमा शिक्षक ब्यबस्थापन मापदण्ड २०८० ।

२. समुदाय संस्था संगको साझेदारीमा स्थान र संचालन हुने प्रारम्भिक वालविकास केन्द्र र शिशु स्याहार केन्द्र संचालन तथा ब्यबस्थापन कार्यविधि २०८० ।

३. मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा पहिलो संशोधन २०८० ।

४.विविध

निर्णय न १.

यस नगरपालिकाको सामुदायिक विद्यालयमा शिक्षण सहयोग,अतिरिक्त क्रियाकलाप शिक्षक र बालकक्षमा शिक्षक ब्यबस्थापन मापदण्ड २०८० लाई देहाय बमोजिम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

सामुदायिक विद्यालयमा स्वयं सेवक शिक्षक,अतिरिक्त क्रियाकलाप शिक्षक र बालकक्षा शिक्षक व्यवस्थापन मापदण्ड– २०८०

प्रस्तावनाः

मध्यपुर थिमि नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आधारभूत तह र माध्यमिक तह (कक्षा ९–१०) मा कक्षागत तथा विषयगत शिक्षकको उपलब्धतामा वृद्धि तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग गर्दै सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने र प्रारम्भिक बालविकास केन्द्रको शिक्षालाई दुई वर्षको बनाइ बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यले नगरपालिकाले अवलम्बन गरेको नीति र कार्यक्रमअनुसार स्वयं सेवक शिक्षक, अतिरिक्त कृयाकलाप शिक्षक तथा बालकक्षा शिक्षक अनुदान वितरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोलेमध्यपुर थिमिनगर शिक्षा ऐन, २०७९ को दफा ४७(२) को अधिकार प्रयोग गरी मध्यपुर थिमि नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेकोछ ।

परिच्छेद—एक

संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम सामुदायिक विद्यालयमास्वयं सेवक शिक्षक, अतिरिक्त कृयाकलाप शिक्षकर बालकक्षा शिक्षक व्यवस्थापन मापदण्ड–२०८०रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) स्वयं सेवक शिक्षक ”भन्नाले नगरपालिकाको आन्तरिक श्रोतको बजेटबाट आवश्यक भएकोसामुदायिक विद्यालयमा कक्षागत तथा विषयगतरुपमानियुक्त गरिने थप शिक्षकलाईसम्झनुपर्छ ।

(ख) "अतिरिक्त क्रियाकलाप शिक्षक"भन्नाले नगरपालिकाको आन्तरिक श्रोतकोबजेटबाट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको कक्षा सञ्चालन गर्न नगरपालिकाबाट खटिएका शिक्षकलाई सम्झनुपर्छ ।

(ख) "बालकक्षा शिक्षक" भन्नाले नगरपालिकाको आन्तरिक श्रोतको बजेटबाट सामुदायिक विद्यालयमा संघीय सरकारको शसर्त अनुदानबाट सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्रमा एक वर्षको शिक्षाथप गरी २ वर्षको बनाउनका लागि बालबालिकाको हेरचाह र केन्द्रको सरसफाइ लगायतको कामका लागि राखिने थप शिक्षक÷ कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक अनुदानलाई सम्झनु पर्दछ ।

(ग) "शिक्षक" भन्नाले यस नगरपालिकाबाट जाने शिक्षण सहयोग अनुदानबाट तलव भत्ता खाने शिक्षक सम्झनुपर्छ सो शब्दले विद्यालयमा रहेका अन्य शिक्षकलाई पनि बुझाउनेछ ।

(ग) "अतिरिक्त कृयाकलाप शिक्षक" सामुदायिक विद्यालमा अतिरिक्त कृयाकलाप सञ्चालन गर्नका लागि नगरपालिकाले दैनिक कार्यतालिका बनाई विद्यालयमा खटाउने शिक्षक सम्झनु पर्दछ ।

(घ) "बालकक्षा शिक्षक" भन्नाले प्रारम्भिक बालविकास केन्द्रमा रही शिक्षण गर्न खटिएको शिक्षक भन्ने सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनुपर्छ ।

(च) "शिक्षाशाखा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ । सो शब्दले सामाजिक विकास महाशाखालाई समेत बुझाउनेछ ।

(छ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ संशोधनसहित भन्ने बुझ्नुपर्दछ ।

(ज) "ऐन" भन्नाले मध्यपुर थिमि नगर शिक्षा ऐन, २०७९ लाई बुझ्नुपर्दछ ।

## परिच्छेद –दुई
## विद्यालय छनौट तथा स्वयं सेवक शिक्षकअनुदान वितरण

३. विद्यालय छनौटका आधारहरुः(१) स्वयं सेवकअनुदान वितरणका लागि विद्यालय छनौटका आधार देहायबमोजिम हुनेछन्:

(क) कक्षा ५वा १०सम्मको अनुमति लिई उपल्लो कक्षामा न्यूनतम पाँच शैक्षिक सत्रसम्म परीक्षामा सहभागी गराएको हुनुपर्ने ।

(ख) नियमावलीले तोकेबमोजिम न्युनतम विद्यार्थी संख्या पुगेको हुनुपर्ने ।

(ग) कक्षाकोठा पुगेको हुनुपर्ने ।

(घ) विद्यार्थी शिक्षक अनुपात धेरै भएको विद्यालयलाई प्राथमिकता दिइने ।

(ङ) विषय शिक्षक अभाव वा नपुग भएको विद्यालयलाई प्राथमिकता दिइने ।

(२) शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालय व्यवस्थापन समिति गठन भएको, शिक्षक अभिभावक संघ गठन भएको, प्रधानाध्यापकको नियुक्ति भएको र विद्यालय सुधार योजना नगरपालिका बाट स्वीकृत गराएको विद्यालयलाई पहिलो प्राथमिकता प्रदान गरी विद्यालय छनोट गरिने छ ।

(३) गणित, अंग्रेजी, कम्प्युटर, लेखा, सामाजिक र विज्ञान विषय शिक्षक नपुग भएको विद्यालयलाई विषय शिक्षक अभाव भएको मानिने छ ।

(४) प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरुमाथप एक वर्षको बाल शिक्षा सञ्चालनका लागि बालकक्षा शिक्षक अनुदान प्राप्त गर्न योग्य हुनेछन् ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

प्रि. ५.५.७९.

४. स्वयं सेवक शिक्षक, अतिरिक्त कृयाकलाप शिक्षक र बालकक्षा शिक्षक सुविधाः (१) स्वीकृत बजेटको परिधिभित्र रही यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयलाई प्राथमिकताका आधारमा स्वयं सेवक शिक्षक सहयोग रकम अनुदानको रुपमा उपलब्ध गराइने छ ।

(२) एक हप्ताको ३० पिरियडलाई आधार मानी तह अनुसारको तलब स्केललाई दामासाहीले हिसाब गरेर हुने प्रति पिरियडको रकम यस शिक्षण सहयोग कार्यक्रम अन्तर्गत नियुक्त हुने शिक्षकले प्राप्त गर्ने छन् ।

(३) नगर पालिकाबाट स्वयं सेवक शिक्षक विद्यालयमा खटिएर नजाँदा सम्मका लागि पठनपाठनमा समस्या उत्पन्न भएमा विद्यालयले आंशिक समय काम गर्ने शिक्षक नियुक्ति गर्न सक्नेछन् र त्यसरी नियुक्त शिक्ष्।कको पारिश्रमिकका लागि नगरपालिका संग माग गर्न सक्नेछन् ।

(४) यो कार्यक्रम मध्यपुर थिमि नगरपालिकाको नगर सभाबाट प्रत्येक वर्ष स्वीकृत कार्यक्रम तथा बजेटमा व्यवस्था भएसम्म लागू हुनेछ ।

(५) शिक्षक र बालकक्षा शिक्षकले पाउने विदा र अन्य सुविधाकरार सम्झौतामा उल्लेख भएबमोजिम विद्यालयले उपलब्ध गराउनेछ ।

(६) नगरपालिकाले बालकक्षा शिक्षकका लागि संघीय सरकारको बालकक्षा शिक्षकले खाइपाइ आएको सुविधा बराबरको रकम अनुदानस्वरुप विद्यालयमा उपलब्ध गराउनेछ ।

## परिच्छेद —तीन

## स्वयं सेवक शिक्षक,अतिरिक्त कृयाकलाप शिक्षक र बालकक्षा शिक्षकको योग्यता, छनोट प्रक्रिया र नियुक्ति व्यवस्था

५. स्वयं सेवक शिक्षकको योग्यताः (१) यस कार्यक्रम अन्तर्गत नियुक्त हुने स्वयं सेवक शिक्षकको शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ९ बमोजिम शिक्षकका लागि चाहिने योग्यता पुगेको हुनुपर्नेछ ।

(२)देहायका व्यक्तिहरु शिक्षक पदमा उमेद्वार हुन पाउने छैनन्:

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(च) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

(छ) शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ९ बमोजिम शिक्षकका लागि योग्यता नपुगेको ।

(२) बालकक्षा शिक्षकको योग्यता निम्नानुसार हुनु पर्नेछः

(क) कक्षा १२ वा सो सरहको योग्यता प्राप्त गरेको,

(ख) नेपाली नागरिक,

(ग) १८ वर्ष उमेर पुगेको,

(घ) ४० वर्षभन्दा बढी उमेर नभएको,

(ङ) मगज नबिग्रेको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(छ) बालबालिकालाई सिकाउन, माया, हेरचाह र सरसफाइ गर्न सक्ने।

६. शिक्षक र बालकक्षा शिक्षकछनोट प्रक्रियाः (१) दफा ३ र ४ बमोजिम छनोट भएको विद्यालयहरुका लागि नगर शिक्षा समितिले गठन गरेको विज्ञ सहितको छनौट समितिले एक मुष्ट रुपमा प्रक्रिया पूरा गरीस्वयं सेवक शिक्षक



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

मि-१-१-७१

र बालकक्षा शिक्षकछनोट गरी नगर शिक्षा समितिलाई सिफारिस गर्नेछ ।बालकक्षा शिक्षक नियुक्ति गर्दा उपलब्ध भए सम्म स्थानीय र महिलालाई प्राथमिकता दिनु पर्नेछ ।

७. स्वयं सेवक शिक्षक र बालकक्षा शिक्षकलाई नियुक्ति पत्र दिनेः (१) छनोट भएका स्वयं सेवक शिक्षक र बालकक्षा शिक्षकलाई शिक्षा, युवा तथा खेलकूद शाखालेसेवाका शर्त र सुविधा उल्लेख भएको करार सम्झौता गरी नियुक्ति पत्र दिनेछ । करार सम्झौता सहितको पत्र विद्यालयमा पठाउनु पर्नेछ ।

(२) करार सम्झौताका शर्तहरु पालना नगरेमा विद्यालय व्यवस्थापन समितिको सिपmारिसमा उक्त स्वयं सेवक शिक्षक र बालकक्षा शिक्षकलाई नगर पालिकाले जुनसुकै बखत हटाउने छ ।

८. अतिरिक्तकृयाकलाप शिक्षक छनोट प्रक्रियाः (१) मध्यपुर थिमि नगरपालिकाले नगर शिक्षा समितिले निर्णय गरे बमोजिमका विभिन्न विधाका शिक्षकहरु माग गरी सूचना प्रकाशन गर्नेछ नियम ६(१) को समितिले प्रक्रिया पूरा गरी शिक्षक छनोट गर्नुपर्नेछ ।

(२) छनोट भएका शिक्षकलाई नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखाले सेवाका शर्त र सुविधा उल्लेख भएको करार सम्झौता गरी नियुक्ति पत्र दिनेछ । शिक्षा युवा तथा खेलकूद शाखाले कार्य तालिका बनाइ विद्यालयहरुमा खटाउने छ ।

(३) करार सम्झौताका शर्तहरु पालना नगरेमा वा विद्यालयले गुनासो गरेमा विद्यालयहरुको सिफारिसमा उक्त शिक्षकलाई नगरपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ ।

## परिच्छेद–चार
## विद्यालयको भूमिका

९. स्वयं सेवक शिक्षक तथा बाल कक्षा शिक्षकप्राप्त गर्ने विद्यालयले पालना गर्ने भूमिकाः(१) स्वयं सेवक शिक्षक तथा बालकक्षा शिक्षकप्राप्त गर्न छनोट भएका विद्यालयले नगरपालिकाले करार सम्झौता गरी पठाएका शिक्षकलाई काममा लागाउने।

(ङ) स्वयं सेवक शिक्षकतथा बाल कक्षा शिक्षक नियुक्ति पत्र, करार सम्झौता, नीजहरुको हाजिरीसंलग्न गरी नगरपालिकामा बजेट माग गर्ने,

(च) प्रत्येक महिनाको स्वयं सेवक शिक्षक तथा बालकक्षा शिक्षकको तलबी भरपाइ नगरपालिका शिक्षा शाखा र आर्थिक प्रशासन शाखामा पेश गर्ने,

(छ) बजेट सुनिश्चितता र कार्य सन्तोषको अवस्थाका आधारमा विद्यालय व्यवस्थापन समितिले प्रत्येक छ महिनामा करार थप गरी सोको जानकारी नगरपालिका शिक्षा शाखा र आर्थिक प्रशासन शाखामा दिने

(ज) विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(झ) नगरपालिकाबाट खटि आएका अतिरिक्त कृयाकलाप शिक्षकहरुलाइ काममा लगाउने ।

## परिच्छेद–पाँच
## विविध

१०.लेखा परीक्षणः (१) यस कार्यक्रमको अन्तिम लेखापरीक्षण प्रचलित कानुनबमोजिम महालेखा परीक्षकबाट हुनेछ ।

(२) नगरपालिका र विद्यालयमा यस कार्यक्रमको लेखा राखी आन्तरिक लेखापरीक्षण गरिनेछ ।

११. मापदण्डको संशोधन तथा परिमार्जनः (१) नगर कार्यपालिकाले यस मापदण्डमा रहेका प्रावधानहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्नेछ ।

१२. अन्तिम व्याख्याः (१) यस मापदण्डको कार्यान्वयनमा देखा परेका दुविधाको अन्तिम व्याख्या नगर कार्यपालिकाले गरेर बमोजिम हुनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

निर्णय न २.

यस नगरपालिकाको समुदाय संस्था संगको साझेदारीमा स्थान र संचालन हुने प्रारम्भिक वालविकास केन्द्र  र शिशु स्याहार केन्द्र संचालन तथा ब्यबस्थापन कार्यविधि २०८० लाई देहाय बमोजिम सहित स्वीकृत संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

समुदाय/संस्था संगको साझेदारीमा स्थापना र संचालन हुने प्रारम्भिक बाल विकास केन्द तथा शिशु स्याहार केन्द्रसंचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति :  २०८०.........
प्रमाणीकरण मिति :२०८०............

मध्यपुर थिमि नगरपालिकाभित्र प्रारम्भिक बाल विकास केन्द्र र शिशु स्यहार केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनमा एकरुपता ल्याईबालबालिकाको चौतर्फी विकासको लागि प्रभावकारीसेवा दिने वातावरण सृजनागर्ने उद्देश्यले मध्यपुर थिमि नगरपालिका शिक्षाऐन, २०७९ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो निर्देशिकाको नाम समुदाय/संस्था संगको साझेदारीमा स्थापना र संचालन हुने प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।
२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क)"ऐन" भन्नाले मध्यपुर थिमि नगरपालिकासंशोधित शिक्षा ऐन, २०८० लाई सम्झनु पर्छ ।
(ख)"कार्यपालिका" भन्नाले  मध्यपुर थिमि नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।
(ग)"नगरपालिका" भन्नाले मध्यपुर नगरपालिकालाई सम्झनु पर्छ ।
(घ)"प्रमुख"भन्नाले मध्यपुर थिमि नगरपालिकाकोप्रमुखलाई सम्झनु पर्छ ।
(ङ)     "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले मध्यपुर थिमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।
(च)"महाशाखा"भन्नाले मध्यपुर थिमि नगरपालिकाको सामाजिक विकाश महाशाखालाई सम्झनुपर्छ ।
(छ)"नगर शिक्षा अधिकारी" भन्नाले मध्यपुर थिमि नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाको प्रमुखलाई सम्झनु पर्छ ।
(ज)"शिशुस्याहार केन्द्र" भन्नाले कम्तीमा दुईवर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका वालवालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि स्थापित शिशुस्यहार केन्द्र सम्झनु पर्छ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका

(झ) "प्रारम्भिक वालविकास केन्द्र"भन्नाले प्रारम्भिक बालविकाश केन्द्रमा भर्ना हुने उमेर पुगेका बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि स्थापित प्रारम्भिक वालविकास केन्द्र सम्झनु पर्छ।

(ञ)"संस्था" भन्नाले यस मध्यपुर नगरपालिका क्षेत्रभित्र प्रारम्भिक वालविकास केन्द्र संचालन गर्न चाहने गैह्र सरकारी संस्था, स्थानीय सामुदायिक संस्था, स्थानीय क्लव, महिला समुह, सहकारी, वा अन्य संगठित संस्था भन्ने सम्झनु पर्छ ।

(ट) "व्यवस्थापन समिति" भन्नाले शिशु स्याहार तथा वालविकास केन्द्रको व्यवस्थापन समिति भन्ने संझनु पर्छ ।

(ठ) "अनुदान" अनुदान भन्नाले यस मध्यमुर थिमि नगरपालिकाले बार्षिक बजेट मार्फत बजेट तथा कार्यक्रमले तोकेको र यस कार्यबिधि अनुसार दिइने अनुदान संझनुपर्छ ।

(ड) "साझेदारी" भन्नाले बालबालिकाको चौतर्फी विकासको लागि उचित रेखदेख र हेरचाह गर्ने उद्देश्यले समुदायमा रहेका संगठित संस्थाहरु जस्तै गैर सरकारी संस्था, महिला समुह, सहकारी, युवा क्लव आदीसंग निष्चित बजेट तथा कार्यक्रम मार्फत गरिने साझेदारीलाई संझनुपर्छ ।

३. अनुमति लिनुपर्ने :(१) कुनै संस्थाले केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची–१ बमोजिमको ढाँचामा मध्यपुर थिमि नगरपालिकाको शिक्षा,युवा तथा खेलकूद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) यो कार्यक्रमकोलागि गैर सरकारी संस्था, नगरपलिकामा दर्ता भएका महिला समुह, सहकारी, सामुदायिक बिद्यालय, युवा क्लव वा टोल विकास संस्थाले निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गर्दा निवेदक संस्थालाई केन्द्र स्थापना गर्न नगरपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची–२ बमोजिमको ढाँचामा नगर शिक्षा समितिको निर्णायानुसार नगर शिक्षा अधिकारीले अनुमति दिन सक्नेछ ।

४. शिशु स्याहार तथा वालविकास केन्द्र स्थापनाको लागि आवश्यक न्यूनतम पूर्वाधारः (१) शिशु स्याहार तथा वालविकास केन्द्र स्थापना गर्न चाहने संस्थाले कम्तिमा निम्न पूर्वाधारहरुको सुनिष्चित गरेको हुनुपर्नेछ ।

(क) कम्तिमा एउटा खुवाउने र एउटा खेलाउने वा पढाउने कोठाको सुनिष्चितता ।

(ख) शौचालय, पानी, बत्ती र पर्याप्त खेल्ने ठाउँको सुनिष्चितता ।

(ग) बालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्थाको सुनिष्चितता ।

(घ) बालबालिका मैत्री शिकाइको लागि योग्य र प्रशिक्षित सहयोगी कर्मचारीको सुनिष्चितता ।

(ङ) बालबालिकाको सुरक्षाको लागि घेराबारको व्यवस्था आदी ।

(२) उपदफा १ अनुसारको पुर्वाधारहरु नगरपलिकाले अनुमति दिएको कम्तिमा २ महिना भित्र पुरा गरिसकेको हुनुपर्ने छ । अन्यथा नगरपालिकाबाट दिइने अनुदान रोक्का गर्न सकिने छ ।

(३)प्रारम्भिक बाल विकास केन्द/शिशु विकास केन्द्र संचालनका लागि घर वा जग्गा लिजमा लिएको भए कम्तीमा ५ वर्षका लागि भएको सम्झौतापत्र र संचालककै घरमा संचालन गरेको भए जग्गाको धनीपूर्जा समेत निवदेनसाथ पेश गरेको हुनुपर्नेछ ।

(५) यस कार्यबिधि बमोजिमको प्रारम्भिक वालविकास केन्द्र र शिशु स्याहार केन्द्र चलाउँन अलग अलग अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस निर्देशिकामा तोकिएका आधारहरु वमोजिम सञ्चालन नगरेमा त्यस्तो केन्द्र सञ्चालन गर्न दिइएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिने

५. जनशक्तिः (१) प्रति १० जना बालबालिका बरावर कम्तिमा एकजना तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरेको हुनुपर्ने छ र आवश्यकता अनुसार अन्य कर्मचारी को व्यवस्था गरेको हुनुपर्ने छ ।

६. पाठ्यक्रमः (१) पाठ्यक्रम विकास केन्द्र एवं नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्य पुस्तक प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाहरुको चौतर्फि विकासको लागि आवस्यक श्रव्य दृष्य सामाग्रीको प्रयोग गर्न भने कुनै रोक लगाइएको छैन ।

७. सहजकर्ताको सेवा सुविधाः केन्द्रमा कार्यरत सहजकर्ता तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक रुपमा भुक्तानी गर्नुपर्नेछ ।

८. नियुक्तिपत्र दिनुपर्नेः (१)केन्द्रमा कार्यरत सबैसहजकर्ता तथा कर्मचारीलाई अनिवार्य रुपमा नियुक्तिपत्र दिएर मात्र काममा लगाउनुपर्नेछ ।

(२) नियुक्ति पत्रमा कर्मचारीले पाउने सेवा सुविधा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

९. शिशु स्याहार केन्द्र / बाल विकाश केन्द्र निर्देशक समितिः(१)शिशु स्याहार केन्द्र÷ बाल विकाश केन्द्र स्थापना तथा संचालनलाई व्यवस्थित गर्नका लागि नगर शिक्षा समिति ले नै आवश्यक निर्णय गर्नेछ ।

१०.नगर शिक्षा समितिको काम कर्तव्य र अधिकारः (१) नगर शिक्षा समितिको निम्न काम, कर्तव्य र अधिकार रहनेछ ।

क) केन्द्रको नियमित संचालन गर्न आवश्यक मापदण्ड निर्धारण गर्ने ।

ख) परेका निवेदनहरुको छानविन तथा मूल्यांकन गर्ने ।

ग) अनुगमन गर्ने ।

घ) समय समयमा विभिन्न सरोकारवालाहरुको बैठक बोलाउने ।

ङ) आगामी बर्षकोलागि आवश्यक बजेट र कार्यक्रम तयार पारी नगरपालिकाको योजना तर्जुमा बैठकहरुमा पेस गर्ने ।

च) विभिन्न संघ संस्था संग समन्वय गरी केन्द्रलाई थप सहयोग व्यवस्थित बनाउने ।

छ) समितिको बैठकमा सम्वन्धित विज्ञहरुलाई आमन्त्रण गरी परामर्श लिने ।

११. व्यवस्थापन समितिको गठनः (१) प्रत्येक शिशु स्याहार तथा बालबिकास केन्द्रलाई व्यवस्थित रुपमा संचानल गर्न एक व्यवस्थापन समितिको गठन गरिने छ ।

(२) व्यवस्थापन समितिको गठन गर्ने जिम्मेवारी नगर शिक्षा समितिको नै हुनेछ ।

१२.व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः (१) व्यवस्थापन समितिको निम्न काम, कर्तव्य र अधिकार रहनेछ ।

क) केन्द्रको नियमित संचालन गर्न आवश्यक भौतिक तथा आर्थिक सहयोग जुटाउने ।

ख) महिनामा कम्तिमा १ पटक बैठक बस्ने

ग) बैठकका निर्णय र अन्य आर्थिक विवरणहरु अभिलेखिकरण गरि सुरक्षित राख्ने ।

घ) नगरपालिका संग समन्वय गर्ने ।

ङ) आगामी बर्षकोलागि आवश्यक बजेट र कार्यक्रम तयार पारी नगरपालिकाको योजना तर्जुमा बैठकहरुमा पेस गर्ने ।

च) विभिन्न संघ संस्था संग समन्वय गरी केन्द्रमा थप सहयोग जुटाउने ।

छ) केन्द्र रहेको टोल बस्तिहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय वालदिवस मनाउने कार्यक्रमहरु आयोजना गर्ने ।

१३. केन्द्रको खाता संचालन (१) केन्द्रले अध्यक्ष र कोषाध्यक्ष र आवेदक संस्थाको प्रतिनिधिको संयूक्त दस्तखतबाट चल्ने गरी बैंक खाता संचालन गर्नुपर्नेछ ।

१४. केन्द्रको आम्दानीको श्रोतः

१) केन्द्रको आन्दानीको मुख्य श्रोतको रुपमा मध्यपुर थिमि नगरपालिकाले दिएको बार्षिक अनुदान ।

२) कुनै दातृ निकाय, स्थानीय क्लव र संघ संस्थाले दिएको रकम

३) व्यवस्थापन समितिले निर्णय गरी अभिभावकहरुबाट बिभिन्न शीर्षकमा उठाएको रकम ।



स्थानीय ... मध्यपुर थिमि ... २०७३

मि. ५-५-३१.

१५. क्षमता अभिबृद्धि तालिमः (१) केन्द्रको व्यवस्थापन समितिको पदाधिकारीहरुलाई केन्द्रको उपादेयता र औचित्य, श्रोत व्यवस्थापन लगाएतको विषयमा पहिलो पटक ३ दिने तालिम दिइने छ भने त्यसपछि ६÷६ महिनामा पुनर्ताजगी तालिम दिइने छ ।

(२) शिशुस्याहार केन्द्रको सहजकर्ता तथा व्यवस्थापकहरुलाई पनि केन्द्र व्यवस्थापनको सीप, आर्थिक लगाएतको अभिलेख व्यवस्थापन, बालबालिका संरक्षण नीति र प्रभावकारी सिकाई कृयाकलापबारे ५ दिनको तालिम दिइने छ । त्यसपछि बर्षको सुरुमा शैक्षिक सामाग्री निर्माण तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

(३) यसरी तालिमहरु संचालन गर्न यस संग सम्बन्धीत विज्ञ संस्था वा कम्पनीलाई जिम्मेवारी नगरपालिकाले दिइनेछ ।

१६. शुल्क सम्बन्धी व्यवस्थाः(१) व्यवस्थापन समितिले तोक्न सक्नेछ ।

(२) केन्द्रमा अभिभावकहरुबाट उठेको रकमको अभिलेख केन्द्रको ब्यवस्थापकले राख्नुपर्नेछ ।

१७. लेखापरीक्षणः( १) शिशु स्याहार केन्द्र र प्रारम्भिक वालविकास केन्द्रले प्रचलित वमोजिमकानुन आय–व्ययको लेखा राख्नु पर्नेछ ।

(२) शिशु स्याहार केन्द्र र प्रारम्भिक वालविकास केन्द्रले प्रचलित कानुन वमोजिम सूचीकृत लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

१८. खुल्नेर बन्द हुनेसमय – (१) शनिवार र अन्य सार्वजनिक विदाको दिन बाहेक वर्षमा कम्तिमा २०० दिन केन्द्र खुल्नुपर्नेछ ।

(२) शिशु स्याहार केन्द्र कम्तिमा दैनिक ५ घन्टा र बढिमा ६ घन्टा संचालन भएको हुनुपर्नेछ । तर अभिभावकको अनुरोधमा समय थपघट हुन सक्नेछ ।

१९. शिशु स्याहार केन्द्र÷प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ताः

कम्तिमा १२ कक्षा पास गरी प्रत्येक बालवालिकालाई समान रुपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकता अनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालवालिकालाई सुरक्षित महसुस गराउन सक्ने, मायालुतवरले नम्र व्यवहार गर्ने, रुचि भएको, बालवालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि रआवश्यकता बुझ्न सक्ने, बाल सक्रियतालाई बढुवा दिने, अभिभावकसँग अन्तरक्रिया गर्न रुचिराख्ने, सिकाइ सामाग्रीहरुको उचित प्रयोग गर्न सक्ने सीपमूलक, कथा, गीत, कविता भन्न रनृत्य गर्न जान्ने, नेपाली संस्कार, सँस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालवालिकाको शारिरीक, मानसिक र संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी,पेसाप्रति आस्थावान, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई सहजकर्ताको योग्यता मानिनेछ ।

२०. शिशुस्याहार केन्द्रमा दैनिक गर्नुपर्ने न्यूनतम क्रियाकलापः (१) केन्द्रमा प्रत्येक दिन कम्तीमा निम्नलिखित क्रियाकलापहरु अनिवार्य गर्नु पर्नेछ ।

(क) बालवालिकालाई न्यानो स्वागत

(ख) सरसफाई अवलोकन तथा सरसफाई

(ग व्यायाम र प्रार्थना

(घ) दिसा पिसाव गराउने

(ङ ) घेरा समय र हाजिरी

(च) गीत, कथा, अभिनय, सृजनात्मक चाल, बालवालिकाहरुको मौलिक क्रियाकलाप

(छ) पुनरावलोकन÷ठूलो समूहमा छलफल

(ज) पूर्व साक्षरत÷पूर्व लेखन क्रियाकलाप

(झ) सामूहिक स्वतन्त्र खेल, समूह खेल र स्वावलम्वन सीप विकास खेल, बाहिरी खेल,

(ञ) खाजा तथा खाना समय



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७

२०७५-९-९-२४

(ट) पुस्तक तथा पाठ्यसामाग्रीको प्रयोग,

(ठ) आराम कक्ष

(ड) मातापिता र गुरुप्रति आभारी हुने सिकाइ

(ढ) विदाइ गीत लगायत ।

२१. शिशु स्याहार केन्द्रको लागि चाहिने मापदन्डः

१. केन्द्रवालवालिकाको घरबाट १५–२० मिनेटको पहँुचमा हुनुपर्नेछ ।

२. कोठा बालवालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको हुनु पर्नेछ ।

३ २० देखि २५ जना वालवालिका खुल्ला रुपले बस्न, गोलो घेरा बनाई गतिविधि गराउन, सुताउन मिल्ने खालको हुनुपर्ने छ ।

४. केन्द्र संचालन गर्न प्रश्ताव गरिएको भवनको कम्तिमा २० मीटरको दुरीमा कुनै पनि ध्वनी प्रदुषण गर्ने (जस्तै ग्रील कारखाना) उद्योगहरु, खुल्ला इनार र फोहोर मैला विसर्जन स्थल आदी हुनुहुँदैन ।

५. केन्द्र सम्भव भएसम्म भवनको भुइतल्लामा संचालन गर्नुपर्नेछ ।

६. कोठा बाहिर पर्याप्त घाम लाग्ने र खुल्ला स्थान हुनुपर्ने छ ।

७. वालवालिकाको उमेर र संख्यको आधारमा शौचालय, पर्याप्त पानीको व्यवस्था र अन्य सरसफाइका साधनहरु उपलव्ध हुनुपर्नेछ ।

८. दिउँसोको खाजा पकाउने स्थान र खाजा खाइसकेपछि सुताउने डस्नाको व्यवस्था हुनुपर्नेछ ।

९ शैक्षिक सामाग्री (तराजु, स्केल, माटो, वालुवा, काठका टुक्रा, कागजातका टुक्रा, फूल, भाँडा वर्तन,लुगाफाटा, बाजागाजा, सागसब्जी, फलफूल, माछा, भान्छाका सामानहरु, रबर बल, बाँसका टुक्राहरु, मकैकोखोस्टाहरु, विभिन्न किसिमका बियाँहरु, नरिवलको खपडा, लप्सीका विया आदि खेलौनाहरु) को नियमित प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

१० विद्याथीको भर्ना पुस्तिका, हाजिरी पुस्तिका, बैठक पुस्तिका र खर्चपर्चको अभिलेख पुस्तिका र अभिभावक तथा आगन्तुक हरुको लागि सुझाव पुस्तिकाको व्यवस्था रहेको हुनुपर्छ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

अनुसूची–१

शिशु स्याहार केन्द्र सञ्चालनका लागि दिइने निवेदन

श्री..........................

..............................

विषयः शिशु स्याहार केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र................देखि प्रारम्भिकबाल विकास केन्द्र÷शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र व्यवस्थापन समितिको मिति..................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेकोछौं छु।

| | | | |
|---|---|---|---|
| प्रस्ताविक केन्द्रको नाम | | वडा | |
| ठेगाना | | सम्पर्क फोन न | |
| गाउ वा टोल | | अन्नाजी घर धुरी | |
| आवेदक सस्थाको नाम | | ठेगाना | |
| द.न | | सम्पर्क ईमेल | |
| पान न | | फोन न | |
| कर चुक्ता | छ/छैन | | |
| पुर्बाधार | | | |
| अन्नाजी क्षे.फ | | निर्माण भैसकेको भए कोठा संख्या | |
| घर जग्गा | आफ्नै/भाडामा/सरकारी | | |
| बाटो | छ/छैन | बिजुलीको व्यवस्था | छ/छैन |
| शौचालय | छ/छैन | पानीको व्यवस्था | छ/छैन |
| फर्निचरको ब्यबस्था | छ/छैन | भान्छा कोठाको व्यवस्था | छ/छैन |
| खुल्ला स्थान | छ/छैन | पाठ्य सामाग्रीहरु | छ/छैन |
| दिउसो सुताउने डस्नाको ब्यबस्था | छ/छैन | | छ/छैन |
| जनशक्तिको ब्यबस्था | छ/छैन | छ भने तालिम प्राप्त | हो/होइन |

माथि लेखिएकोविवरण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम रसहुँलाबुझाउँला ।

निवेदकको हस्ताक्षरः

नामः–

ठेगाना :

मितिः–

संलग्न कागजातः

(१) घर जग्गा भाडामा भए घर धनी संग भएको संझौताको प्रतिलिपी ।

(२) सरकारी वा सार्वजनिक भवन भए संचालन गर्न अनुमति दिएको निर्णय प्रतिलिपी

(३) सामुदायिक वा संस्थाको भवन भए संस्थाले केन्द्र चलाउन दिएको अनुमतिको प्रतिलिपी

(४) संस्थाको पान दर्ताको प्रमाण पत्रको पतिलिपि

(५) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

(६) संस्थाको विधानको प्रतिलिपि



स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका

८१.५.९.३१.

अनुसूची–२

## शिशु स्याहार केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री.........................................

..............................................

विषय : शिशु स्याहार/वालविकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति ।

तपाईले त्यसंस्थाको तर्फबाट शिशु स्याहार केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस मध्यपुर थिमि नगरपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावली तथा समुदाय संस्था संगको साझेदारीमा स्थापना र संचालन हुने प्रारम्भिक बाल विकास केन्द्र र शिशु स्याहार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को मापदन्ड पूरा गरेकोले मिति.................देखि शिशु स्याहार केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको:–<br>
सही:<br>
नाम :<br>
पद:<br>
मिति:

अनुसूची ३

नगरपालिकाले शिशुस्याहार केन्द्र र प्रारम्भिक वालविकास केन्द्र संचालनमा दिने समुदाय संस्था साझेदारी कार्यक्रमको लागि प्रश्ताव आव्हानको सूचना ।

यस मध्यपुर थिमि नगरपालिकाले दीगो विकास लक्ष्यको लक्ष्य नं. ४.२ अनुसार आफ्नो भौगालिक क्षेत्रभित्र बसोवास गर्ने गरिब र आप्रवासी श्रमिकको बालबालिकाहरुलाई प्रारम्भिक वाल विकास सेवा दिने उद्देश्यले आ.व. ............. को नीति तथा कार्यक्रमले शिशु स्यहार केन्द्र क्रमश सबै वडामा विस्तार गर्ने भन्ने नीति लिएकोले यस नगरपालिका क्षेत्र भित्र रहेका लागत साझेदारीमा इच्छुक निम्न योग्ता पुगेका गैर रसरकारी संस्था, आमा समुह, महिला समुह, कृर्षक समुह, सहकारी, यूवा क्लव, टोल विकास संस्था आदीबाट प्रश्ताव आव्हान गरिएको छ । विस्तृत जानकारीकोलागि निम्न ठेगानामा संम्पर्क गर्न सक्नु हुनेछ ।

अनुसूची ४

मध्यपुर थिमि नगरपालिका र .........समुदाय संस्था बिच शिशुस्याहार केन्द्र र प्रारम्भिक वालविकास केन्द्र संचालन गर्ने सम्बन्धी भएको संझौता

मध्यपुर थिमि नगरपालिका ( यसपछि प्रथम पक्ष भनिएको) र ................ संस्था (यसपछि दोस्रो पक्ष भनिएको) बिच यस नगरपालिकाको वडा नं ......को .................नाम गरेको प्रारम्भिक बाल विकास केन्द्र÷शिशुस्याहार केन्द्र निम्न सर्त र बन्देज भित्र रहेर संञ्चालन गर्ने सम्बन्धी संझौता भएको छ ।

सर्त र बन्देजहरुः

निर्णय न ३.
मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा पहिलो संशोधन २०८० लाई देहाय बमोजिम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८०

प्रस्तावनाः
मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि,बनाएको छ ।
१. संक्षिप्त नाम र परिभाषा : (१) यो कार्यविधिको नाम "मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र नगरकार्यपालिका बाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५को दफा ४ को उपदफा ३ को खण्ड क भन्दा पहिलो खण्ड

(क१) नगर प्रहरी निरिक्षकको लागिः

१ नेपाली नागरिक भएको

२ मान्यता प्राप्त शैक्षिक संस्थावाट स्नातक तह सो सरह उत्तिर्ण गरेको

३ उमेर २१ वर्ष पुरा भई भई २४ वर्ष ननाघेको वा प्रहरी निरीक्षक वा सो सरह पदबाट पुर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तको हकमा ४४ बर्ष ननाघेको.

४ कनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५ मान्यता प्राप्त स्वास्थ्यसंस्थाले दिएको निरोगिता प्रमाण पत्र

६ सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पूरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा ५ फिट तौल ४२ क.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएका

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका २०६३

निर्णय न ४.

यस मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्रका टोल,बस्तीको मौलिक स्थान नामपाटी (वस्तु, लिपि, साइज, डिजाइन) को ढाँचाका सम्वन्धमा मौलिक नाम अभिलेखिकरण तथा प्रतिष्ठापन समितिको मिति २०८०।०६।२२ गते बसेको बैठकको निर्णय सहित समितिको तर्फवाट न.पा.मा पेश गरेको स्थान नामपाटीको ढाँचालाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय न ५.
यस नगरपालिका वडा न ५ मा संचालनमा रहेको वडा कार्यालय भवनको सम्झौता अनुसार २०८० साल जेष्ठ र असार गरि २ महिनाको घर भाडा भुक्तानी गर्न बाकी रहेकोले उक्त २ महिनाको घर भाडा रु. ८१,४००। र धारा तथा बिजुली महसुल रु.३३३५। गरि जम्मा रु. ८४, ७३५।( अक्षरेपी चौरासी हजार सात सय पैतिस रुपैया मात्र ) चालु आ.बको सि.नं १९६ ख.सि.नं २८१४२ मा विनियोजित वजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न ६. यस नगरपालिकाबाट जारी गरिएको जेष्ठ नागरिक परिचय पत्र उप्रान्त सम्बन्धित वडा बाटै जारी गर्न लेखि पठाउने निर्णय गरियो ।

निर्णय न ७. . यसमा देहाय बमोजिमको दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | कामको विवरण | संख्या | साईज | दर ( भ्याट समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | terracta Tile | १ | ८"x८"x२' | रु.११३.३० ।- | |
| २ | ढुङ्गाको घण्टा था | १ | ६"x६x५' | रु.९०,४०० ।- | |
| ३ | ढुङ्गाको घण्टा झुन्डाउने निडाल | १ | ६"x६x४.५' | रु.३९,५५० ।- | |
| ४ | ढुङ्गाको ज्वाला न्हेक | १ | ८"x२"x१०" | रु. ५,६५० ।- | |

निर्णय न ८. यसमा नगरपालिका वडा न ६ मा संचालित श्री जनक सिद्धिकाली माध्यामिक बिधालयमा थप जनशक्ति (लेखापाल र बिधालय सहयोगी) ब्यबस्थापनका लागि अनुदानको रुपमा आ.ब २०८०/२०८१ लागि एक मुष्ठ रु. ४,५०,०००।(चारलाख पचास हजार मात्र) शिक्षक दरवन्दि मिलान तथा ब्यबस्थापन शिर्षकबाट ब्यहोर्ने गरी निकाशा दिने निर्णय गरियो ।